कुम्मायक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
१ नं. प्रदेश, नेपाल

प.सं. :- ०७७/७८
च.नं. :- ३४६

# सूचना ! सूचना !! सूचना !!!

मिति:२०७७।०६।१६

सघन शहरी तथा भवन निर्माण आयोजना झापाको प.सं. २०७७।०७८, च.नं. ३३८, मिति २०७७।०६।१३ को पत्रानुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न यस गाउँपालिकामा गरिबीको रेखामुनी रहेका, प्रकोपको कारण घरवार विहिन भएका तथा पराल वा खरको छाना भएका घर परिवारहरुले सुरक्षित आवास आफैंले निर्माण गर्न चाहेमा सुरक्षित नागरिक आवास कार्यक्रम मार्फत जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि आर्थिक सहयोग उपलब्ध गराइने भएकोले *"सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५"* अनुसार यो १० (दश) दिने सूचना जारी गरिएको छ । उपरोक्त अनुसारको घरपरिवारहरुले आ-आफ्नो वडा कार्यालयवाट *निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन भित्र सम्बन्धित वडा कार्यालयमा बुझाउनु हुन* सम्बन्धित सवैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाहि नहुने व्यहोरा समेत अनुरोध छ ।

२०७७/०६/१६
.............................
कमल प्रसाद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

फोन: ०२४-४१३०६१
ई-मेल: info@kummayakmun.gov.np वेवसाइट: www.kummayakmun.gov.np

Scanned with CamScanner